# सहकारी संघसंस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७७

प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने सहकारी संघसंस्थालाई एकीकरण गरी दोहोरो सदस्यता र कार्यक्षेत्रलाई एकीकृत गर्न, सबल र सक्षम संघसंस्थाको निर्माण गर्न, संघसंस्थालाई पुँजी, भौतिक तथा मानवीय संसाधनद्वारा सक्षम र आत्मनिर्भर बनाउन तथा संचालन खर्चमा कटौती गर्दै सदस्यहरुलाई प्रदान गर्ने सेवाको परिमाण र गुणस्तरमा वृद्धि गरी संघसंस्थाहरुको दीगो विकास गर्न सहकारी संघसंस्थाहरु एक आपसमा एकीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले

प्रदेश सहकारी ऐन, २०७६ को दफा १३२ बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्यविधिहरु बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सहकारी संघसंस्था एकीकरण कार्यविधि, २०७७" रहेकोछ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"एकीकरण"** भन्नाले दुई वा दुई भन्दा बढी संघसंस्थाहरु बीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संघसंस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(ख) **"ऐन"** भन्नाले प्रदेश सहकारी ऐन, २०७६ सम्झनु पर्छ ।

(ग) **"कार्यदल"** भन्नाले दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यदल सम्झनु पर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले प्रदेश सहकारी रजिष्ट्रार कार्यालयलाई सम्झनुपर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेश सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) **"रजिष्ट्रार"** भन्नाले ऐनको दफा ७६ बमोजिम नियुक्त प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको रजिष्ट्रारलाई सम्झनु पर्छ। सो शब्दले रजिष्ट्रारबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकृत कर्मचारी समेतलाई जनाउनेछ ।

(छ) **"संघसंस्था"** भन्नाले प्रदेश सहकारी ऐन, २०७६ बमोजिम स्थापना भएका सहकारी संघसंस्थालाई सम्झनु पर्छ।

## परिच्छेद– २
## योग्यता तथा प्रारम्भिक निवेदन सम्बन्धी व्यवस्था

३. एकीकरण गर्न सकिने संघसंस्थाहरु : (१) देहाय बमोजिमका संघसंस्थाहरुलाई एकीकरण गर्न सकिनेछ :-

(क) एउटै कार्य क्षेत्र भित्र रहेका, एक भन्दा बढी सहकारी संघसंस्थाहरु ।

(ख) फरक जिल्ला भए पनि कार्य क्षेत्र जोडिएका संघसंस्थाहरु

(ग) एउटै विषय वा प्रकृति भएका वा फरक विषय वा प्रकृतिका भए तापनि एकै स्थानमा रहेका र मुलतः एकै विषयमा प्रतिस्पर्धा भएका संघसंस्थाहरु।

४. एकीकरणको व्यवस्थापन : (१) संघसंस्थाहरु एकिकरण गर्दा देहाय बमोजिमका विधिहरुको आधारमा गरिनेछ :-

(क) एकीकरण गरिने संघसंस्थाहरूको आवश्यकता पहिचान गर्ने,

(ख) एकीकृत हुने संघसंस्थाहरूको शेयर सदस्य तथा सञ्चालक समिति, लेखा समिति र अन्य उप समितिका सबै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तक्रिया छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने,

(ग) उपर्युक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संघसंस्थाहरूको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार पार्न घटीमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने,

(घ) कार्यदलले शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात अनुसूची– १ बमोजिमको शर्त तथा कार्यविधि तयार गरी बढीमा ७ दिनभित्र एकीकृत हुन चाहने संघसंस्थाहरूमा प्रस्तुत गर्ने,

(ङ) कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संघसंस्थाहरूको सञ्चालक समितिको बैठकबाट अन्तिम रुप प्रदान गरी साधारण सभाबाट पारीत गर्ने,

(च) एकीकरण हुने संघसंस्थाहरुले सम्वन्धित प्रदेश सहकारी रजिष्ट्रार कार्यालय र छाता संघ संग आवश्यक राय, सुझाव र सहमति प्राप्त गर्ने ।

५. <u>योग्यता</u> : एकै प्रकृति वा विषयका संघसंस्थाहरुसँग एकीकरण गर्न सकिनेछ। तर एकै कार्यक्षेत्रमा विभिन्न विषय र प्रकृतिका संघसंस्थाहरु रहेको भएमा फरक विषय वा प्रकृति भए तापनि कार्यालयले विषय मिल्ने क्षेत्रमा कारोवार गर्ने गरी एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

६. <u>पूर्व स्वीकृति लिनु पर्ने</u> : (१) दफा ५ बमोजिमको योग्यता भएका दुई वा दुई भन्दा बढी संघसंस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आआफ्नो संचालक समितिबाट प्रस्ताव पारित गरी पूर्वस्वीकृतिका लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि कार्यालयले माग बमोजिम संघसंस्थाहरु एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि वढाउन स्वीकृति दिनु पर्नेछ।

तर ऐन प्रारम्भ भएपछि यस कार्यविधि लागू हुनुपूर्व एकीकरण प्रकृया सुरु गरिसकेका संस्थाहरुको हकमा एक पटकको लागि पूर्व स्वीकृति नलिएको भएतापनि संघसंस्थालाई एकीकरण गर्ने गरी स्वीकृति दिन यस उपदफाले वाधा पुऱ्याएको मानिने छैन।

## <u>परिच्छेद – ३</u>

## <u>सम्पत्ति तथा दायित्व, सम्झौता तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था</u>

७. <u>सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था</u> : (१) कार्यालयबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संघसंस्थाले आ– आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गराउनु पर्ने अवस्था भए मुल्यांकनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मुल्यांकन गराउनु पर्नेछ ।

२) मूल्यांकनकर्ताले पेश गर्ने प्रतिवेदनमा संघसंस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछ :–

(क) कर्जा वर्गीकरण,

(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

(ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(घ) तरलता विवरण,

(ङ) जनशक्ति व्यवस्थापन र

(च) अन्य आवश्यक विषयहरु ।

८. <u>एकीकरणको साधारण सभामा प्रस्तुत गरिने विषयहरू</u> : (१) संघसंस्था एकिकरण कार्यको लागि साधारण सभामा निम्न विषयहरु पेश गरी पारीत गराउनु पर्नेछ :-

(क) अनुसूची– १ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

(ख) एकीकृत हुने अघिल्लो दिन सम्मको वासलात,

राज्यमन्त्री

(ग) आन्तरिक लेखा परीक्षण प्रतिवेदन,

(घ) साधारणसभाबाट एकीकरणको स्वीकृति लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य,

(ङ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संघसंस्थाबाट वढीमा ५ जनाको विवादसमाधान समिति गठन गर्ने,

(च) एकीकृत संघसंस्थाहरूको सम्पति (स्थायी भए) नियमानुसार नामसारी सम्बन्धी विषय,

(छ) संघसंस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरूमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

९. सम्झौता सम्बन्धी व्यवस्था : (१) कार्यालयबाट एकीकरण कार्य अगाडि बढाउन दफा ६(१) बमोजिम पूर्वस्वीकृती प्राप्त गरेका वा दफा ६(२) बमोजिमका संघसंस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछः–

(क) एकीकरण हुने संघसंस्थाको एकीकरण भए पछि रहने नाम, ठेगाना, र, संयुक्त कार्यक्षेत्र तथा सदस्यता प्रतिवेदन,

(ख) सदस्यहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(ग) संघसंस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति र दायित्वको मिलान पद्धति,

(घ) एकीकरण गर्न लाग्ने अनुमानित समयावधि,

(ङ) संघसंस्थाको विनियमावली, कार्य संचालन सम्बन्धी नियमावलीहरु, वचत तथा ऋण नीति र निर्देशिका संघसंस्थाको रुपमा परिणत हुने वा एकीकरण हुने संघसंस्थाको नाम ,

(च) एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना,

(छ) एकीकरण भएपछिको संघसंस्थामा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

(ज) प्रचलित सहकारी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(झ) संस्थागत पुनर्संरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(ञ) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

(ट) कार्यालयले तोकेका अन्य आवश्यक विषयहरु ।

१०. एकीकरणको लागि निवेदन दिने : (१) दफा ६(१) बमोजिम पूर्वस्वीकृती प्राप्त गरेका वा दफा ६(२) बमोजिमको पूर्वस्वीकृति प्राप्त नगरेका संघसंस्थाले ऐनको दफा ७२ को प्रक्रिया पूरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पूँजी संरचना अनुसार आ आफ्नो साधारण सभाबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुबै संचालक समितिको निर्णय सहित संयुक्त रुपमा केन्द्रीय संघ भए सहकारी विभागमा र विषयगत र प्रारम्भिक संस्था भए प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा अनुसूची– २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

११. कार्यालयले अपनाउनु पर्ने कार्यविधी : (१) एकीकरणको लागि निवेदन पेश भएपछि कार्यालयले देहाय बमोजिमको कार्यविधी अपनाउनु पर्नेछ ।

(क) कार्यालयसँग एकीकरणको लागि पूर्व स्वीकृति लिए वा नलिएको र दफा ६(२) मा उल्लेखित विशेष अवस्था वाहेक पूर्व स्वीकृति नलिएको अवस्था भएमा एकीकरण पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

(ख) एकीकरण हुने संघसंस्थाहरुको साधारणसभाको कूल कायम रहेको सदस्य संख्याको वहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए वा नभएको हेर्ने,

(ग) कार्यालयले एकीकरण सम्बन्धी १५ दिने सूचना तयार गरी एक जिल्ला भन्दा बढी कार्यक्षेत्र भएमा राष्ट्रिय तथा स्थानीय स्तरको पत्रिकामा र अन्यमा कुनै एकमा कम्तिमा एक पटक प्रकाशन गर्ने गराउने, स्थानीय एफ.एम रेडियोहरुबाट प्रशारण गराउने, कार्यालय, जिल्ला सहकारी संघ लिमिटेड, विषयगत जिल्ला सहकारी संघ लिमिटेड र सम्बन्धित संस्थाको सूचनापाटीमा टाँस गरी गुनासो उजुरी माग गर्ने,

(घ) सूचनाको अवधि भित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए कस्तो विषयको उजुरी हो सोको अध्ययन गर्ने,

(ङ) सरोकारवालाको गम्भीर प्रकृतिको उजुरी वा गुनासो पाइएमा त्यसको सच्चाई पत्ता लगाउने र नपरेमा सम्बन्धित कार्यालयबाट खुलाउनु पर्ने विषयहरु खुलाएर एकीकरण सम्बन्धी निर्णय लिने,

(च) एकीकरण कार्य सम्पन्न भएको सूचना पत्र प्रत्रिकामा प्रकाशित गर्न लगाउने,

(छ) संस्था एकिकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, विषयगत संघ र मन्त्रालयमा पठाउने ।

१२. <u>अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था</u> : (१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्वस्वीकृती पाएका संघसंस्थाले दफा ७ बमोजिमको मुल्यांकन प्रतिवेदन र दफा ९ बमोजिमको संझौतापत्र सहित अन्तिम स्वीकृतिको निमित्त प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :–

(क) एकीकरण हुने संघसंस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारी पत्र भए त्यस्तो समझदारी पत्र र एकीकरण समिति गठनको निर्णय,

(ग) एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन,

(घ) एकीकरण हुने संघसंस्थाको नाम, ठेगाना,

(ङ) एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

(च) कार्यालयले तोकेका अन्य कागजात तथा विवरण,

(छ) एकीकृत हुन आउने संस्थाहरूले अनुसूची– २ बमोजिमको संयुक्त आवेदन

(ज) एकीकरणको निर्णयहरूको प्रमाणित प्रतिलिपि,

(झ) अनुसूची-१ बमोजिमको एकीकरणको शर्त र कार्यविधि,

(ञ) एकीकरण हुने संघसंस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

(ट) कार्यालयको स्वीकृतिमा स्थानीय पत्र पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

(ठ) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नगर्ने, एकीकरणका लागि कार्यालयमा पत्राचार गर्दा एकीकृत हुन चाहने संघसंस्थाहरूको अघिल्लो

बर्षको साधारण सभाद्वारा अनुमोदित लेखा परीक्षण प्रतिवेदन तथा चालु बर्षको आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेत सँलग्न राख्नु पर्ने,

(ड) एकीकृत संघसंस्थाको विनियममा एकीकृत संघसंस्थाको नामबाट भए गरेका काम कार्वाही यस विनियम बमोजिम भए गरेको मानिनेछ भन्ने प्रावधान पनि समावेश गर्ने, यसका लागि विनियम संसोधन प्रस्ताव पारित गराउने,

(ढ) सम्पूर्ण कागज पत्रहरू एकीकृत हुन चाहने संघसंस्थाका अध्यक्षहरूबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको निवेदन उपर कार्यालयले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संघसंस्थालाई लिखित सूचना दिई सात दिन भित्र थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले कार्यालयमा उपस्थित भई तोकिएको समयभित्र त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

३) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयले उक्त निवेदन, सोसँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पन्ध्र दिनभित्र संघसंस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संघसंस्थालाई दिनेछ ।

(४) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र संघसंस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको समयावधिभित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन । तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद – ४

## विविध

१३. <u>एकीकरण सम्बन्धी अन्य व्यवस्था</u> : (१) संघसंस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :–

(क) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा कार्य क्षेत्र पुनर्निर्धारण गरेर मात्र सो प्रतिवेदनमा उल्लेख भए बमोजिम कार्यक्षेत्र प्रदान गर्न सकिनेछ ।

(ख) एकीकरण गर्दा खण्ड (क) बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।

(ग) फरक विषयका संस्थाहरु एकीकरण हुने भएमा त्यस्ता संस्थाहरुलाई सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृती प्रदान गर्न सकिनेछ ।

१४. <u>एकीकरण पश्चात गर्नु पर्ने कुराहरू</u> : (१) एकीकृत भएका संघसंस्थाले एकीकरण पश्चात देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :–

(क) एकीकरणमा सामेल भएका संघसंस्थाहरु संस्थाको मूल कार्यालयभन्दा टाढा भए सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिइ कार्यहरुलाइ निरन्तरता दिने,

(ख) कर्मचारीको जिम्मेवारी वाडफाड र संचालक, लेखा समितिको जिम्मेवारीको वाडफाडमा विशेष ध्यान दिने,

(ग) एकिकरण पछि संचालक र लेखा समितिको निर्वाचन गर्नु पर्ने भए विशेष साधारण सभा बोलाइ निर्वाचन गर्नु पर्नेछ।

१५. <u>एकिकरणमा सहजीकरण गर्न सकिने:</u> (१) देहायको अवस्थामा संघसंस्थाबाट एकिकरण गर्न अनुरोध भै आएमा कार्यालयले एकिकरण प्रकृयामा सहजीकरण गर्न सक्नेछ :–

(क) एकै स्थानमा एकै विषयका धेरै संस्थाहरुं संचालन भएको ।

(ख) एकै विषय र प्रकृति मिल्ने खालका संघहरु दर्ता भै संचालनमा रहेका ।

(ग) दुई वा दुई भन्दा बढी संघसंस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने देखिएको।

१६. <u>विविध</u> : (१) एकीकरण हुने संघसंस्थाको सम्पत्ति तथा दायित्वको विवरण प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) कार्यालयले संघसंस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

१७. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा बाधा अड्काउ परेमा मन्त्रालयले निर्णय गरि त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।

१८. <u>संशोधन, परिमार्जन:</u> मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिमा संशोधन परिमार्जन गर्न सक्नेछ ।

राज्यमन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार प्रदेश नं. १ विराटनगर, नेपाल

अनुसूची– १

(दफा ४ को उपदफा (१) को खण्ड (घ), दफा ८ को उपदफा (१) को खण्ड (क) र दफा १२ को उपदफा (१) को खण्ड (झ) संग सम्बन्धित)

एकीकरणका शर्त तथा कार्यविधि ढाँचा फारम ।

प्रदेश सहकारी ऐन, नियम, तथा संघसंस्थाको विनियममा भएको व्यवस्था अनुसार......................सहकारी संघ/संस्था लि. .......................... र ...................... सहकारी संघ/संस्था लि. को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रकृयालाई अघि बढाउनु पर्ने भएकाले निम्नलिखित शर्त र कार्यविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि प्रदेश सहकारी रजिष्ट्रार कार्यालय इटहरी, सुनसरीमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र. सं. | विषय | एकीकरण शर्त | एकीकरणको कार्यविधी | कैफियत |
|---|---|---|---|---|
| १ | नाम | ...........संघ/संस्था लि. (दर्ता नं. डि.स.का......) ........... संघ/संस्था (द.नं. ..... डि.स.का.....) रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामबाट संस्थाको संचालन गर्ने । दुवै संघ/संस्था लाई एकीकृत गरी“.................. सहकारी संघ/संस्था लि. ................. ”कायम गर्ने । | दुवै संघ/संस्थाको साधारणसभाबाट पारित गराई ........ कार्यालय ....... बाट एकीकरणको स्वीकृति लिई संस्था “.................. ”को नामबाट संचालन गर्ने। | |
| २ | कार्यालय | दुवै संघ/संस्थाको कार्यालय एउटै बनाउने | ...........संघ/ संस्थाको कार्यालय भवनबाट कार्य संचालन गर्ने । | |
| ३ | कार्यक्षेत्र | दुवै संघ/संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा प्रदान गर्ने | एकीकृत हुने संघ/संस्थाका कार्यक्षेत्र ...........गा.पा/न.पा/वडा भएकोले...........कार्यक्षत्र पुननिर्धारण पछि कायम हुने कार्यक्षत्र समेतको स्वीकृती लिई सेवा प्रदान गर्ने । | |
| ४ | विनियम | दुवै संघ/संस्था एकीकृत भएपछि एउटा मात्र संघ/संस्थाको विनियम स्वीकार गरिने | ............. सहकारी संघ/संस्थाको विनियम ............. स्वीकार गरी सोही | |

राज्यमन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>प्रदेश नं.-१<br>विराटनगर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | विनियम अनुसार कार्य संचालन गर्ने । | |
| ५ | शेयररकम | दुवै संघ/संस्थाको शेयर रकम एकीकृत गर्ने । यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने | सबै संघ संस्थाको पछिल्लो लेखा परीक्षण प्रतिवेदन अनुसारको शेयर रकम जम्मा गरि संस्थामा समावेश गर्ने ।<br>१. ............सहकारी संस्थाको शेयर पुँजी रु................<br>२. ............सहकारी संस्थाको शेयरर पुँजीरु................<br>३. ............सहकारी संस्थाको शेयरर पुँजी रु................<br>जम्मा शेयर पुँजी रु.................. | |
| ६ | संघ संस्था काकोष हरु | ............ र..................<br>कोष<br>को<br>रकम एकीकृत गरी समावेश गर्ने ।<br>वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्ने नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने । यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने | वितरण गर्न मिल्ने कोषहरु सम्वन्धित<br>संघ/संस्थाका सदस्यहरुलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने<br>वितरण गर्न मिल्ने कोषहरुको<br>विवरणः कोषको नाम<br>............ सहकारी संघ/संस्था<br>जम्मा<br>१. शेयर लाभांस<br>२. सुरक्षण पुँजि फिर्ता<br>३. कर्मचारी बोनस<br>जम्माः<br>एकीकृत गरी कोषमा राख्ने कोषहरुः<br>कोषकोनामः जम्मा<br>१. जगेडा कोष<br>२. सहकारी शिक्षा<br>३. घाटा पुर्ति<br>४. डुवन्त ऋण कोष<br>५. सहकारी विकास कोष<br>६. कर्मचारी संचयकोष<br>७. कर्मचारी बोनस कोष<br>८.सामुदायीक विकास कष<br>९.स्थिरीकरण कोष<br>जम्मा .................. | |

राज्यमन्त्री

प्रदेश नं. १ विराटनगर, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ७ | दायित्व | ............. र.................. चुक्ता गर्नु पर्ने दायित्व एकीकरण पश्चात ............. नै चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी ................ रहने । | ............. संघ/संस्थाको दायित्व र ............. संघ/संस्थाको दायित्व एकीकृत गरी .................. वाट फर्छ्यौट गर्ने | |
| ८ | लगानी हिसाब | ............. र ............... छाता सघहरुमा रहेको लगानी हिसाव एकीकृत गरी ............. को नाममा कायम गर्ने । ............. संघ/संस्थाको लगानी रकम सम्वन्धित छाता संघवाट फिर्ता लिइ आम्दानी बाँध्ने । | निम्न लगानी हिसाव एकीकृत गरी ............. को नाममा कायम गर्ने । फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई ............. नाममा आम्दानी वाँध्ने र सो कार्यका लागि छाता संघहरुवाट पत्राचार गर्ने । लगानी भएको संघ/संस्था ............. | |
| ९ | ऋण लगानी | ............. र...................आफ्ना सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकीकृत गरी ...............मा समावेश गर्ने । | ............. र............. एकीकृत भएपछि ............. ऋणी सदस्यहरुले ............. नाममा उक्त ऋण सार्ने व्यवस्था गर्ने । यसका लागि.................मसान्तसम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण ..................बाट उपलब्ध गराउने व्यवस्था मिलाउने । | |
| १० | बचत हिसाब | ............. र.................सबै खालका बचतहरु एकीकृत रुपमासमावेश गर्ने । | ............. र.........................द्वारा संचालित बचत कार्यक्रमहरुसंस्था.......... ................शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने । | |
| ११ | सदस्यता | ............. र.................. दुवै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने । | ............. र ..................शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |

राज्यमन्त्री

| | | | | |
|---|---|---|---|---|
| १२ | नीतिहरु | संघ/संस्था संचालन नीति लागु गर्ने सन्दर्भमा .................. र ............. भएका एकै किसिमका नीतिहरु भए .......... का नीतिहरु लागु गर्ने र .................... नभएका नीतिहरुका सन्दर्भमा भन्ने .............. नीतिहरुलाई नै एकीकृत संघ/संस्थाको नीतिका रुपमा लागु गर्ने । | हाल रहेका निम्न नितिहरु कायम राखी संघ/संस्था संचालन गर्ने | |
| १३ | बैंकखाता र नगद जिम्मेवारी | ............. बैंक कारोवार ......... हस्तानान्तरण गर्ने,नगद पनि दुबै संघ/संस्थाको एकीकृत गर्ने । | ............. बैंक र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने । | |
| १४ | संस्था संचालन प्रक्रीया | ............. दुवै संस्थाका वर्तमान संचालक, लेखा तथा सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधि ............. सम्मका लागि कायम गर्ने । | दुवै संस्थाका संचालकहरुवाट संचालक समिति, लेखासमिति तथा अन्य समिति उपसमिति बाँकी अवधी सम्मका लागी गठन गरी कार्य गर्ने । | |
| १५ | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुवै संघ/संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने । | दुवै संघ/संस्थाले बुझाउनुपर्ने बाँकी ऋण संयुक्त रुपमा ................ नाममा स्थानान्तरण गरी बुझाउने लिनु पर्ने भए पनि यही कार्य विधि अपनाइ असुल उपर गर्ने । | |
| १६ | केन्द्रीय /जिल्ला / विषयगत सं को प्रतिनिधि | ............. बाट प्रतिनिधित्व गर्ने केन्द्रीयरजिल्लारविषयगत संघको प्रतिनिधि ............ एकीकृतसंघ/संस्थाको तर्फबाट पनि निरन्तरता दिने र ...................... का केन्द्रीय प्रतिनिधिलाई भने फिर्ता गर्ने । | ............. केन्द्रीय प्रतिनिधि ......................... संयुक्त भएको दुवैसंघ/संस्थाकोप्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरवदल गर्ने । | |
| १७ | कर्मचारी | दुवै संघ/संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज लगाउने । | ............. नियुक्त कर्मचारीहरु र ............. नियुक्त कर्मचारहरुलाई एकीकृत रपमा...................... नै यथावत कामकाज लगाउने । | |
| १८ | पाननं | ............. पान स्वीकार गर्ने र ............. पानलाई रद्ध गर्ने । त्यसका लागि सम्वन्धित निकायमाजानकारी गराउने । | ............. संस्थाको ............ सहकारी आन्तरिक राजस्व कार्यालयमा दर्ता | |

| | | | | |
|---|---|---|---|---|
| | | | भएको पान ..................... लाई प्रयोग गर्ने । | |
| १९ | नगदी र ढुकुटीको बीमा गर्ने | एकीकृत संघ/संस्था ..................... को नगदी र ढुकुटी (सेफ) को विमा गराई संचालन गर्ने । | उपयुक्त विमा कम्पनीसंग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी बीमा गर्ने व्यवस्था मिलाउने । | |
| २० | एकीकरणपछीकोविवादसम्बन्धी | एकीकरण पश्चात्त कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तिन सदस्यीय समिति निमार्ण गर्ने र विवादको टुङ्गो लगाउने । | विवाद समाधान समितिमा ............ र ..................... निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय संचालक समितिले अनुमोदन गरे पछि लागू हुने गरी निर्णय गर्ने।<br>१. संयोजक : ..............................<br>२. सदस्य :..................................<br>३. सदस्य : .................................. | |
| २१ | विनियम मा संशोधन र परिमार्जन गर्ने समिति | ............ सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट, परिमार्जन गरी समयानुकुल बनाउनु पर्ने भएकाले व्यापक अध्ययन परिमार्जन गर्न तिन सदस्यीय समितिलाई जिम्मा दिने । | विनियम संसोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेवारी दिने ।<br>१. संयोजक : ..............................<br>२. सदस्य :..................................<br>३. सदस्य : .................................. | |

दस्तखत ..................

......................... संघ/संस्था लि.

संस्थाको छाप

दस्तखत ......................

......................... संघ/संस्था लि.

संस्थाको छाप

अनुसूची– २

(दफा १० को उपदफा (२) र दफा १२ को उपदफा (१) को खण्ड (छ) संग सम्बन्धित)

श्रीमान् रजिष्ट्रार ज्यू
प्रदेश सहकारी रजिष्ट्रार कार्यालय इटहरी, सुनसरी ।

विषयः एकीकरण गर्न स्वीकृति पाउँ ।

महोदय,

प्रदेश सहकारी ऐन, २०७६ बमोजिम संचालन भै आएका तपसिल बमोजिमका.संघ/संस्था एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पुरा भएकोले एकिकरणको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । अतः उपरोक्त संघ/संस्थाहरु एकिकरण गरी आउन अनुरोध गर्दछौं ।
आवश्यक कागजात थान.......संलग्न छन् ।

भवदीय,

| | |
|---|---|
| ........................................... | ....... ....... ....... ....... ....... ....... |
| (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः |
| टेलिफोन नं : | टेलिफोन नं : |
| फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल ठेगाना : | इमेल ठेगाना : |
| मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः |

राज्यमन्त्री